नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २२

मितिः२०८२/०४/१२

विषयः भूउपयोग नियमावली कार्यान्वयन सम्बन्धमा ।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. २०८२/०८३, चं.नं. ५, मिति २०८२/०४/०८ को भूउपयोग नियमावली कार्यान्वयन सम्बन्धी पत्र यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

४/१२

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः-

श्री भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।

श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५

सिंहदरबार, काठमाडौं


पत्र संख्याः २०८२/८३

च.नं. ५

सङ्घीय मामिला तथा सामान्य प्रशासन ...
दर्ता नं.:- १६०
दर्ता मिति:- ४/९

मितिः २०८२/०४/०८

नेपाल संवत् ११४५

विषयः भूउपयोग नियमावली कार्यान्वयन सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा भूउपयोग (दोस्रो संशोधन) नियमावली, २०८१ को नियम ५ को उपनियम (७) मा *"भूउपयोग क्षेत्र वर्गीकरण नभएको स्थानीय तहमा कृषियोग्य जग्गाको संरक्षण गर्न स्थानीय भूउपयोग परिषद्ले कार्यान्वयन समितिको सिफारिसमा आफ्नो सीमानाभित्र संवत् २०८२ साल असार मसान्तसम्म चारकिल्ला खुलाई कृषि क्षेत्र तोक्नु पर्नेछ" र ऐ. नियम १२ को उपनियम (४ख) मा "संवत् २०८२ साल असार मसान्तसम्म त्यस्तो वर्गीकरण भएको क्षेत्रको भूउपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गरिसक्नु पर्नेछ।"* भन्ने व्यवस्था रहेकोमा सो को कार्यान्वयनको लागि यस मन्त्रालयबाट मिति २०८१।१२।११ र मिति २०८२।०३।०४ मा स्थानीय तहहरुलाई परिपत्र गर्ने व्यवस्थाको लागि पत्र प्रेषित गरिएको व्यहोरा विदितै होला।भूउपयोग नियमावलीले तोकेको उल्लिखित अवधिभित्र सबै स्थानीय तहहरुको कित्तागत विवरण सहितको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धि कार्य सम्पन्न भई सक्नु पर्नेमा हालसम्म २५३ स्थानीय तहको मात्र सो कार्य सम्पन्न भएको र बांकी स्थानीय तहहरुमा सम्पन्न हुन नसकी कित्ताकाट गरी सम्पादन हुने जग्गा प्रशासन सम्बन्धी कार्य अवरुद्ध हुन गएकोले तहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुलाई कित्तागत विवरण सहितको भूउपयोग क्षेत्र वर्गीकरण को कार्य यथाशीघ्र सम्पन्न गर्न ध्यानाकर्षणको लागि पुनःपरिपत्र गरिदिने व्यवस्थाका लागि यस मन्त्रालयको मिति २०८२।०४।०८ (मा.मन्त्रीस्तर)को निर्णयानुसार अनुरोध छ।

.................................

(गणेशप्रसाद भट्ट)

सहसचिव

बोधार्थ तथा कार्यार्थः

श्री नेपाल नगरपालिका संघ, लाजिम्पाट।: यस सम्बन्धमा आवश्यक सहयोग र समन्वय गरिदिनुहुन।

श्री गाउँपालिका राष्ट्रिय महासंघ, अनामनगर।: यस सम्बन्धमा आवश्यक सहयोग र समन्वय गरिदिनुहुन।